अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.नं. :

फोन नं.: ०९६-४१०२२२, ९८५८७७७०४७
e-mail: ito.amargadhimun@gmail.com
website: amargadhimun.gov.np

अमरगढी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख शाखा अधिकृत श्री हेमन्तराज पन्त र प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मीप्रसाद उपाध्याय बिच गरिएको

# कार्यसम्पादन करार

## आ.व. २०८०।०८१

अमरगढी नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट सम्पादन हुने मुख्य कार्यहरूः

- विद्यालय शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,
- गाभिएका वा बन्द गरिएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापन,
- नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्त्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
- सामुदायिक विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृती, समायोजन, शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन, विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीय शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण, पुस्तकालय र वाचनालय सञ्चालन व्यवस्थापन,
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीहरूको तालिम तथा क्षमता विकास, अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन
- युवा सम्बद्ध कार्यहरु र खेलकुद सम्बद्ध कार्यहरु

**शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारीहरूको सङ्ख्याः २ (१ जना शाखा अधिकृत र १ जना प्रा.स.)**

विद्यालय सङ्ख्याः ३७ (२७ सामुदायिक र १० संस्थागत) शिक्षक सङ्ख्याः १७५ (नियमित सरकारी अनुदान)

बाविके शिक्षकः ३२ विद्यालय कर्मचारीः ३४ (सहायकः ६ र सहयोगीः २८)

विद्यार्थी सङ्ख्याः ७९९० (सामुदायिकमाः ४७९२, संस्थागतमाः ३१९८) सामुदायिक सिकाइ केन्द्रः ५

प्राविधिक धार सञ्चालित विद्यालयः १ CTEVT कक्षा सञ्चालित विद्यालयः ३

खुला विद्यालय सङ्ख्याः २ (६-८ र ९-१०) क्याम्पस सङ्ख्याः ३ (स्नातकः २ र स्नातकोत्तरः १)

प्रमुख प्रशासकीय अधिकृत

हेमन्त राज पन्त
शाखा अधिकृत

प.स. : ०८०/०८१
च.नं. :

# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं.: ०९६-४१०२२२, ९८५८७७७०४७
e-mail: ito.amargadhimun@gmail.com
website: amargadhimun.gov.np

आ.व. २०८०।८१ का लागि स्वीकृत बजेट: अनुमानित रु. १९ करोड (समानिकरण: रु. ९१ लाख र सशर्त १८ करोड ९ लाख)

**आ.व. २०८०।०८१ मा शाखाबाट सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरू:**

| क्र. सं. | कार्यविवरण र वार्षिक कार्यक्रम अनुरुप सम्पादन गर्नुपर्ने कार्यहरू | एकाइ | करार गर्दाको अवस्था | परिमाणात्मक लक्ष्य वा अपेक्षित उपलब्धि | अवधि | उपलब्धि सूचक | भार |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय शिक्षा ऐन निर्माण गरी सभाबाट पारित गराउने | वटा | ० | १ | मंसीर मसान्त | पारित ऐन | ५ |
| २ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमहरूको पूर्ण कार्यान्वयन | प्रतिशत | | >९५% | असार मसान्त | प्रगति प्रतिवेदन | ५ |
| ३ | पालिका र विद्यालयहरूको IEMIS अद्यावधिक गराउने | वटा | | ३८ | जेठ १५ | IEMIS प्रतिवेदन | ३ |
| ४ | शैक्षिक क्यालेण्डर २०८१ को विकास तथा कार्यान्वयन | वटा | | १ | फागुन मसान्त | क्यालेण्डर | ३ |
| ५ | संस्थागत विद्यालय र विद्यालय बाहिरका अध्यापन हुने निकायको नियमनका लागि स्थानीय मापदण्ड जारी गराउने | वटा | ० | १ | माघ मसान्त | जारी मापदण्ड | ३ |
| ६ | विद्यालय समायोजन र दरबन्दी मिलान तथा शिक्षक सरूवाको प्रारम्भ | पटक | | >१ | चैत्र मसान्त | दरवन्दी अभिलेख | ३ |
| ७ | बालविकास कोटा पुनः वितरण | पटक | | १ | चैत्र मसान्त | अभिलेख | ३ |
| ८ | स्थानीय पाठ्यक्रम परिमार्जन | पटक | | १ | फागुन मसान्त | परिमार्जित पाठ्यक्रम | ३ |
| ९ | स्थानीय पाठ्यक्रममा आधारित सन्दर्भ सामग्री विकास गराउने | वटा | | १ | साउन मसान्त | सन्दर्भ सामग्री | ३ |
| १० | सवै सामुदायिक विद्यालयमा कम्प्यूटर/प्रिन्टर सुविधा पुऱ्याई हस्तलिखित पत्राचार बन्द | विद्यालय सं. | २४ | २७ | वैशाख मसान्त | प्रिन्टर सुविधा भएका विद्यालय सं. | ३ |



प्रमुख प्रशासकीय अधिकृत

हेमन्त राज पन्त
शाखा अधिकृत

प.स. : ०८०/०८१
च.नं. :

# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

फोन नं.: ०९६-४१०२२२, ९८५८७७७०४७
e-mail: ito.amargadhimun@gmail.com
website: amargadhimun.gov.np

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | गराउने | | | | | | |
| ११ | कक्षा ८ सञ्चालित सबै विद्यालयमा ई-हाजिरी जडान गराई सूचना तथा प्रसारण विभागको प्रणालीमा आवद्ध गराउने | विद्यालय सं. | ० | १५ | पौष मसान्त | ई हाजिरी भएका विद्यालयको विवरण | ३ |
| १२ | सूचकमा आधारित अनुदान/प्रोत्साहन प्रणाली स्थापना | पटक | | १ | कार्तिक मसान्त | | ३ |
| १३ | अमरगढी शैक्षिक छात्रवृत्ति कोष स्थापनाको पहल | पटक | | निरन्तर | निरन्तर | छात्रवृत्ति कोष | २ |
| १४ | शै.स. सुरु हुनुपूर्व सवै सामुदायिक विद्यालयका प्र.अ.सँग कार्यसम्पादन करार | पटक | ० | १ | वैशाख पहिलो हप्ता | करार सम्झौताहरू | ३ |
| १५ | सामुदायिक विद्यालयका शिक्षक कर्मचीहरूको डिजिटल डाटावेस तयार | जना | ० | १५० | पौष १५ | डिजिटल डाटाबेस | ३ |
| १६ | सबै विद्यालयको अनुगमन निरीक्षण गर्ने गराउने | पटक | | १०० | असार १५ | निरीक्षण प्रतिवेदन | ४ |
| १७ | प्रधानाध्यापक घुम्ती बैठक आयोजना गर्ने | पटक | | ८ | असार १० | प्र.अ. बैठक सं. | ४ |
| १८ | स्वास्थ्य शाखासँग समन्वयमा सवै सामुदायिक विद्यालयमा शुद्ध खानेपानी र आधारभूत स्वच्छता कायम गराउन पहल | विद्यालय | ५ | २७ | वैशाख मसान्त | R.O. सहितका विद्यालय | २ |
| १९ | दिवाखाजामा मेनुको प्रयोग गराउने | विद्यालय | | २७ | निरन्तर | विद्यालयको दिवाखाजा मेनुहरू | ३ |
| २० | सबै स्थायी शिक्षकहरूको का.स.मू. | शिक्षक | | १२० | जेठ १५ | का.स.मू. पेश भएका शिक्षक विवरण | ३ |
| २१ | नपास्तरीय राष्ट्रप्रति | पटक | | १ | फागुन ५ | प्रतियोगिता | ३ |

प्रमुख प्रशासकीय अधिकृत



हेमन्त राज पन्त
शाखा अधिकृत

अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.नं. :

फोन नं.: ०९६-४१०२२२, ९८५८७७७०४७
e-mail: ito.amargadhimun@gmail.com
website: amargadhimun.gov.np


| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | रनिङशिल्ड आयोजना | | | | | नतिजा | |
| २२ | जिल्लास्तरीय रनिङ शिल्डमा नतिजा सुधार | स्वर्ण पदक | ४ | ८ | वैशाख ५ | प्रतियोगिता नतिजा | ३ |
| २३ | कक्षा ८ को नतिजा सुधार | upgrade % | ५०.१ | ६० | चैत्र मसान्त | मूल परीक्षा नतिजा | ४ |
| २४ | SEE नतिजा सुधार | GPA<2 | ३४.५९% | २९% | असार मसान्त | परीक्षा नतिजा | ४ |
| २५ | सबै सामुदायिक विद्यालयको लेखापरीक्षण गराउने | विद्यालय % | ७०% | १००% | माघ मसान्त | ले.प. प्रतिवेदन | ४ |
| २६ | ५-१२ वर्षका सबै बालबालिकालाई विद्यालय भर्ना गराउने | भर्नादर | | ९९% | जेठ १५ | विद्यालय तथा वडाको घोषणा | ४ |
| २७ | सबै संस्थागत विद्यालयको शुल्क संरचना नपामार्फत स्वीकृत गर्ने व्यवस्था मिलाउने | विद्यालय सं. % | ० | १००% | चैत्र मसान्त | पारित शुल्क संरचना | ३ |
| २८ | संस्थागत विद्यालयले दिनुपर्ने न्यूनतम् छात्रवृत्ति कार्यान्वयन गराउने | विद्यालय | | १० | जेठ मसान्त | छात्रवृत्तिमा पढ्ने विद्यार्थी विवरण | ३ |
| २९ | सबै विद्यालयमा वि.व्य.स. र सामुदायिकमा शि.अ.सं.समेत गठन गराउने | विद्यालय | | ३७ | पौष १५ | विव्यस र शिअसं. विवरण | ३ |
| ३० | नगरपालिकाको कार्यालयमा Reading Corner स्थापना गर्न पहल | वटा | ० | १ | फागुन १५ | स्थापित Reading Corner | २ |
| ३१ | प्रत्येक सामुदायिक विद्यालयका कम्तीमा १ जना शिक्षकलाई क्षमता विकास तालिम उपलब्ध गराउने | शिक्षक | | २७ | असार मसान्त | तालिम लिएका शिक्षक विवरण | ३ |
| जम्मा | | | | | | | १०० |

प्रमुख प्रशासकीय अधिकृत

हेमन्त राज पन्त
शाखा अधिकृत

# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

प.स. : ०८०/०८१
च.नं. :

फोन नं.: ०९६-४१०२२२, ९८५८७७७०४७
e-mail: ito.amargadhimun@gmail.com
website: amargadhimun.gov.np


करार रद्द गर्न सकिने अवस्थाहरू:

करार कार्यान्वयनका लागि आवश्यक अधिकारहरू:

**कार्यशर्तहरू:**

- यस करारको अवधि २०८०।०४।०१ देखि २०८१ असार मसान्तसम्म हुनेछ।
- सार्वजनिक पदाधिकारीको वार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्दा सुपरीवेक्षकले यस करार बमोजिमको कार्यसम्पादनलाई आधारका रुपमा लिनु पर्नेछ।
- यस करारमा उल्लेख भएदेखि बाहेकका अन्य नवप्रबर्द्धनात्मक कार्यहरू समेत सम्पादन गर्न सकिनेछ।
- कार्यसम्पादनको क्रममा आवश्यक साधन स्रोतको सहज उपलब्धता तथा अन्तरनिकाय समन्वयका लागि कार्यसम्पादन करार गरी जिम्मेवारी दिने पदाधिकारीले सहजीकरण गर्नुपर्नेछ।
- यस करारको अवधि समाप्त नहुँदै सार्वजनिक पदाधिकारी सो पदमा नरहेमा आफू बहाल रहेको अवधिमा कार्यसम्पादन करार बमोजिम भएका काम कारबाहीको प्रगति सहितको विवरण तयार गरी कार्यसम्पादन करार गरी जिम्मेवारी दिने पदाधिकारीलाई उपलब्ध गराउनु पर्नेछ र त्यस्तो विवरण उक्त पदको जिम्मेवारी प्राप्त गर्ने पदाधिकारीलाई समेत उपलब्ध गराउनु पर्नेछ।
- यस करारको अवधि समाप्त नहुँदै सार्वजनिक पदाधिकारी वा कार्यसम्पादन करार गरी जिम्मेवारी दिने पदाधिकारी सो पदमा नरहेमा त्यस्तो पदमा आउने नयाँ पदाधिकारीलाई यस करारको कार्यान्वयन अवस्थाका बारेमा लिखित जानकारी दिनु पर्नेछ र त्यसरी पदमा नरहेको मितिपछिको करारको अवधिको लागि यस करार बमोजिमको दायित्त्व पूरा गर्न त्यस्तो पदमा आउने नयाँ पदाधिकारी जिम्मेवार हुनेछ।
- यस करारमा उल्लेख नभएको कुनै विषय कार्यान्वयन गर्नुपर्ने अवस्थामा वा काबू बाहिरको परिस्थिति उत्पन्न भई यस करारमा समावेश भएको कुनै विषय कार्यान्वयनमा आउन नसक्ने भएमा कार्यसम्पादन करार गरी जिम्मेवारी दिने पदाधिकारीको स्वीकृतिले यस करारमा आवश्यक संशोधन गर्न सक्नेछ।

**कार्यसम्पादन करार गरी जिम्मेवारी दिने पदाधिकारीको:-**

दस्तखत:

नाम: लक्ष्मीप्रसाद उपाध्याय

पद: प्रमुख प्रशासकीय अधिकृत

कार्यालय: **अमरगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय डडेल्धुरा।**

**सार्वजनिक पदाधिकारीको:-**

दस्तखत: २०८०/०४/०२

नाम: **हेमन्तराज पन्त**

पद: **शाखा अधिकृत**

कार्यालय/शाखा: **शिक्षा, युवा तथा खेलकुद शाखा**

**मिति:** २०८०।श्रावण २ गते